# १२. श्रीमती रमा शर्मा

*[संवत् २०५७ साल आश्विन १३ गते रोज ६ का दिन आयोजित समारोहमा "भाषा र साहित्यतर्फ निरन्तर सक्रिय रही विभिन्न संस्थागत क्रियाकलापका माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरेबापत" नेपाली शिक्षा परिषद्लाई प्रदान गरिएको संवत् २०५६ सालको पुरस्कार 'जगदम्बा-श्री' संस्थाको तर्फबाट त्यसका सदस्य-सचिव श्रीमती रमा शर्माले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्‌गार । यो उद्‌गार 'नेपाली' त्रैमासिक अङ्क १६४ बाट उद्धृत गरिएको हो ।]*

समादरणीय सभापतिज्यू, मदन पुरस्कार गुठी परिवार, ने.शि.प.का अध्यक्षज्यू, परिषद् परिवार, आदरणीय मान्यजन तथा उपस्थित महानुभावहरू !

सर्वप्रथम, म यहाँहरू सबैमा न्यानो अभिवादन टक्र्याउँछु ।

मदन पुरस्कार गुठीबाट यस वर्षको 'जगदम्बा-श्री' पुरस्कारको घोषणाले नेपाली शिक्षा परिषद् परिवारलाई सुखद आश्चर्यको अनुभूति भएको कुरा म यहाँहरूलाई निवेदन गर्दछु । विभिन्न कार्यक्रमका माध्यमबाट स्रष्टाहरूको-विद्वान्हरूको सम्मानमा ५० वर्षदेखि संलग्न यस परिषद्ले कुनै दिन आफूले पनि सम्मान पाउने, पुरस्कृत हुने सोचेकै थिएन। निःस्वार्थ र पवित्र भावनाले सम्मान र सेवा कार्यमा निरन्तर जुटिरहने यसको एक मात्र उद्देश्य रह्यो, रहेको छ। फलस्वरूप यसले राष्ट्रमा जे जति गर्न सक्यो त्यो यहाँहरूका सामु प्रत्यक्ष छ। मलाई अहिले कमल दीक्षितज्यूको एउटा मार्मिक उद्‌गार को सम्झना भइरहेछ। आफ्नो तस्वीर दीक्षितज्यूले खिच्न लाग्दा बालकृष्ण समले उहाँसँग भन्नुभएको रहेछ 'अरूको तस्वीर मात्र खिचेर हिँड्ने बानी परेको मलाई आफ्नो तस्वीर अरूले खिच्दा असजिलो लाग्यो' भनेर। त्यस्तै मदन पुरस्कार संस्थाका मुख्य धमनी दीक्षितज्यूलाई पनि आफू पुरस्कृत हुँदा समजीलाई जस्तै भएको उहाँले व्यक्त गर्नुभएको थियो। परिषद्लाई पनि अहिले त्यस्तै-त्यस्तै अनुभव भइरहेको छ।

नेपाली शिक्षा परिषद् राणाकालदेखि प्रयत्न गर्दागर्दै २००८ साल (साउन ३२) मा खुल्न सफल बनेको जनस्तरीय राष्ट्रिय संस्था हो। राष्ट्रभाषाको श्रीवृद्धिका लागि शिक्षा र साहित्यको उत्थान हुनु आवश्यक ठानी स्थापित यस परिषद्ले नेपालका लागि नौलो

तर अत्यावश्यक 'राष्ट्रभाषा शिक्षा प्रणाली' सफलतापूर्वक सञ्चालन गऱ्यो– दुई दशकसम्म, तर नयाँ शिक्षा योजना लागू भएपछि चाहिँ सरकारी नीतिबाट यो क्रम रोकिन गयो । तैपनि यसले सँगसँगै बढाउँदै गयो आफ्नो साहित्यिक कार्यक्रमचाहिँ । २००८ सालको आरम्भतिरै आयोजित चारदिने बृहत् साहित्य सम्मेलन यसको पहिलो कार्यक्रम रह्यो । त्यसपछि भानुजयन्ती र मोतीजयन्ती मनाउने निर्णय गरी २०१० सालदेखि सो राष्ट्रिय रूपमा मनाउने कार्यको प्रारम्भ परिषद्‌बाट भयो । भानु जयन्तीमनाउने परम्परा दार्जिलिङबाट सुरु भएको भए तापनि मोतीजयन्ती मनाउने कार्यचाहिँ नेपाली शिक्षा परिषद्ले नै आरम्भ गऱ्यो । जीवित विशिष्ट स्रष्टाको अभिनन्दन गर्ने प्रथा पनि परिषद्ले प्रारम्भ गरेको हो र २०११ सालमा कविशिरोमणि लेखनाथको अभूतपूर्व रथायात्रा भयो, जुन अहिलेसम्म विश्वमै अद्वितीय छ भन्ने विद्वान्हरूको भनाइ छ । २०११ सालदेखि स्वर्गीय कविलेखकहरूको सामूहिक जयन्ती, २०१३ सालदेखि समस्यापूर्ति कविगोष्ठी कार्यक्रमहरू परिषद्‌मा थपिँदै गए। २०१६ सालमा देशमा पहिलोपटक भानुभक्तको प्रतिमा स्थापना, २०२३ सालमा मोतीजन्म शताब्दी (साहित्यकारको पहिलो), २०२५ सालदेखि देशका विभिन्न भागमा भानुजयन्ती, मोतीजयन्ती जस्ता कार्यक्रमको आयोजना गरी काठमाडौँ तथा स्थानीय साहित्यकारहरूको समागमको वातावरण सिर्जना गर्दै आएको परिषद्‌बाट सरकारमा भानु जन्मस्थल विकास योजना प्रस्तुति, रम्घामा भानुस्मृति भवन र भानु अतिथि भवन निर्माण; धरानमा मोतीस्मृति भवन निर्माण तथा मोतीरामको प्रतिमा स्थापना, वर्षव्यापी लेखनाथ जन्मशताब्दी समारोहको आयोजना; काठमाडौँमा लेखनाथस्मृतिभवन निर्माण तथा लेखनाथ प्रतिमा स्थापना; काठमाडौँमा नै बालकृष्ण सम प्रतिमा स्थापना आदि कार्यहरू सम्पन्न भइसकेका छन् । केही वर्ष यतादेखि जनस्तरबाट सहयोग जुटाएर राष्ट्रिय स्तरको 'आदिकवि भानुभक्त पुरस्कार'को स्थापना गरी राष्ट्रका स्वनामधन्य वरिष्ठ साधकलाई प्रत्येक वर्ष सम्मान गर्ने चलन परिषद्ले बसालेको छ। गोपाल पाँडे "असीम" पुरस्कार स्थापना गरी भाषासेवीहरूको पनि यसै गरी सम्मान गर्ने गरेको छ। नेपाली भाषामा सक्षम तुल्याउन पुरस्कारद्वारा विद्यार्थीलाई प्रोत्साहित गर्ने पनि गरिएको छ । अहिले परिषद् महाकवि लक्ष्मीप्रसाद देवकोटाको र परिषद्का संस्थापक स्वर्गीय असीमज्यूको प्रतिमा स्थापना गर्ने योजना लिएर अगाडि बढिरहेको छ। केही महत्त्वपूर्ण कृति प्रकाशन पनि यसले गर्दै आएको छ । यसरी ५० वर्षे जीवन यात्रामा परिषद्ले राष्ट्रका लागि धेरै नभए पनि केही सेवा गर्ने मौका पाएको छ ।

परिषद्ले नेपाली वाङ्मयमा जे जति गर्न सक्यो ती सबैको श्रेय यसलाई माया गर्नुहुने यहाँहरूलाई नै छ । यहाँहरूकै स्नेह, सदभावना र सहयोगबाट परिषद्लाई अगाडि बढ्न हौसला मिलेको हो । परिषद्लाई यहाँहरूले विश्वास गर्नुभएको छ, पत्याउनुभएको छ । यही नै अहिलेसम्म आर्जन भएको परिषद्को ठूलो सम्पत्ति हो । परिषद्‌मा काम गर्ने सबैमा केवल सेवाको भावना छ, प्राप्तिको आशा कसैले राखेको छैन; छ भने केवल सफलताको प्राप्ति । स्वार्थ यहाँ कसैमा छैन; छ भने केवल

परिषद्को उन्नतिको स्वार्थ। यो संस्था पैसाले होइन भावनाले चलेको छ। यसरी नै परिषद्का कार्यहरू अगाडि बढेका छन्।

प्रचारलाई गौण मानी एउटा कुनामा बसेर नेपाली वाङ्मयका स्रष्टालाई आफ्नो आराध्यदेव ठानी तिनैको सम्मानमा निरन्तर जुटेको संस्थालाई मदन पुरस्कार गुठी जस्तो नेपालको गरिमामय 'पहिलो पुरस्कार संस्था'बाट स्थापित 'जगदम्बा-श्री' पुरस्कार मिल्दा खुसी लाग्नु स्वाभाविकै हो। यसलाई एकप्रकारले अनुजबाट भएको अग्रजको सम्मान पनि परिषद्ले ठानेको छ। यति मात्र होइन, यस वर्ष पुरस्कार लिने र दिनेको संयोग पनि अलि विचित्रकै भएको अनुभव भएको छ। परिषद् अहिले स्वर्णजयन्ती मनाउँदै छ, गुठीचाहिँ चारै वर्षपछि यो स्थितिमा पुग्दै छ। संभवतः परिषद्पछि स्वर्णजयन्ती मनाउने साहित्यिक संस्था गुठी नै हो। परिषद् परिवार गुठीमा अग्रीम शुभकामना व्यक्त गर्दछ। वास्तवमा, नेपालमा पुरस्कार संस्थाको इतिहासमा मदन पुरस्कार गुठीको सर्वोपरि स्थान छ। यस सन्दर्भमा परिषद् त धेरै कान्छो नै हो।

परिषद्ले 'जगदम्बा-श्री' पुरस्कार पाउनु एउटा सुखद संयोग हो भन्ने हामीलाई लागेको छ। नेपालमा भानुभक्तको प्रतिमा पहिलोपटक परिषद्बाट स्थापना भएको उल्लेख माथि गरियो। त्यो प्रतिमालाई ढलान गरेर अन्तिम रूप दिने सहयोग रानी जगदम्बाकै सौजन्यबाट गुठीको स्थापनाकालको लगत्तैपछि जस्तो भएको हो। जुन संस्थाले गरेको कार्यको उचित मूल्याङ्कन आजभन्दा साढे चार दशकअघि रानी जगदम्बाबाट भयो त्यही संस्था उहाँकै नामको पुरस्कारबाट पुरस्कृत हुँदा उहाँलाई स्वर्गमा अपार आनन्द मिलेको होला भन्ने हामी ठान्दछौँ। यस क्षणमा म गुठीका संस्थापिका रानी जगदम्बाप्रति र स्वर्गीय मदनशमशेरप्रति पनि हार्दिक श्रद्धा अर्पण गर्दछु।

अहिले मलाई परिषद्का संस्थापक तथा सचिव श्रद्धेय गोपाल पाँडे असीमज्यूको सम्झना भइरहेछ। उहाँले आफ्नो जीवन नै परिषद्का लागि समर्पित गर्नुभयो, नेपाली भाषा र साहित्यको उत्थानका निम्ति सुम्पनुभयो। त्यस्तै, परिषद्का पूर्व अध्यक्षहरू सर्वश्री तीर्थप्रसाद दुङ्गाना, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, बद्रीविक्रम थापा तथा खड्गमान मल्लले जीवनको अन्तिम समयसम्म पनि परिषद्लाई माया गर्न छाड्नु भएन। त्यस्तै परिषद्लाई माया गर्ने कतिपय सहृदयी सज्जनहरू दिवङ्गत भइसक्नुभयो। अहिले उहाँहरू सबै नै प्रसन्न भएर आफ्नो संस्थालाई आशीर्वाद बर्साइरहनुभएको होला भन्ने ठान्दछु।

वर्तमान अध्यक्ष आदरणीय माधवप्रसाद घिमिरेज्यूबाट पनि परिषद्ले ठूलो मार्ग निर्देशन प्राप्त गरिरहेछ। उहाँको आशीर्वाद परिषद्को शिरमा सदा छ। त्यस्तै तीन दशकभन्दा बढी समयदेखि कोषाध्यक्षका रूपमा रहनुभएका श्री भीमबहादुर अधिकारीको योगदान परिषद्मा अविस्मरणीय छ; अरू सदस्यज्यूहरूबाट पनि परिषद्ले ठूलो सेवा पाएको छ।

परिषद् आज यो गौरवमय पुरस्कारबाट सम्मानित हुनु यसका शुभेच्छुकहरूको सद्भावनाको प्रतिफल हो । त्यसैले परिषद्ले पुरस्कारको घोषणापछि धेरैबाट हर्षको उद्गार सुन्न पायो । परिषद् यसरी पुरस्कृत हुनामा जसका भागी यसलाई माया गर्ने यहाँहरू नै हुनुहुन्छ । परिषद्लाई मिलेको यो सम्मान प्रकारान्तरले समस्त नेपाली राष्ट्रभाषा प्रेमीको सम्मान भएको परिषद्ले ठानेको छ; किनभने यसले गरेको प्रत्येक कार्यलाई सफल पार्ने काम यहाँहरूकै हार्दिकताबाट भएको हो; तसर्थ म परिषद्का तर्फबाट यहाँहरूप्रति हार्दिक कृतज्ञता टक्र्याउँछु । यहाँहरूले संस्थालाई कृतकृत्य तुल्याइदिनुभएको छ । आगामी दिनमा पनि यहाँहरूको स्नेह बर्सिरहोस् भन्ने प्रार्थना गर्दछु ।

अन्त्यमा, परिषद्लाई यसरी पुरस्कारद्वारा सम्मानित गरिएकोमा मदन पुरस्कार गुठी, विशेषत: कमलमणि दीक्षितज्यू, विष्णुप्रसाद घिमिरेज्यू तथा सम्बन्धित सबैमा हार्दिक कृतज्ञता निवेदन गर्दै कवि म.वी.वि. शाहको निम्न समस्यापूर्तिका साथ बिदा हुन्छु–

*साँचो पवित्र मनले मेहनत गरे पुग्दछ*
*खोजे नमिल्ने छ के ? त्यागे सबै मिल्दछ*

☒ ☒ ☒